# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## भिमाद नगरपालिका

तनहुँ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भिमाद नगरपालिका

तनहुँ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

भिमाद नगरपालिका

तनहुँ


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. २९

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
तनहुँ।

**कैफियत सहितको राय**

हामीले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १ करोड ५० लाख ८९ हजार बेरुजू देखिएकोमा प्रतिकृयाबाट रु. ६१ लाख ४४ हजार फछ्यौट भई रु. ८९ लाख ४५ हजार बाँकी रहेको छ। बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू. १३ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ लाख १७ हजार र नियमित गर्नुपर्ने रु ६९ लाख ६८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १० लाख ७४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १ करोड १९ हजार रहेको छ। नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४१ | ६६ | १५०८९ | ० | १८ | ६१४४ | ४१ | ४८ | ८९४५ | १३६१ | ६९६८ | ६१६ | ० | ० | ७५८४ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २८ | सट्टा शिक्षकलाई महंगी भत्ता | २४००० |
| २ | ४०.३ | स्वीकृत जिल्लादररेट भन्दा वढी भुक्तानी | ५२७५० |
| ३ | ४०.१ | पकेट समुहलाई वढी भुक्तानी | ३००० |
| ४ | ८ | संघिय सञ्चितकोष दाखिला नभएको | ५०००० |
| ५ | ५५ | सोझै खरिद | ३४६७२३५ |
| ६ | ४४ | सोझै खरिद | १८३०२३४ |
| ७ | ३१ | पदाधिकारीलाई वढी सुविधा | २६७००० |
| | | जम्मा | ६१४४२१९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्योट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भिमाद नगरपालिका | ६३५८ | ० | ५२८४ | १०७४ | ० | ८९४५ | १००१९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : भिमाद नगरपालिका, तनहुँ, भिमाद नगरपालिका, तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Tek Nath Dahal | २०७८-११-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Arjun Prasad Paudel | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ८,९४४,९९६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७,७६,७०,११८.५१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,४६,९२,८७४ | **चालु खर्च** | ४७,७६,५४,३०९.०९ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८१,६३,९५७ | **पूँजीगत खर्च** | २२,५४,११,९८८ |
| **राजश्व बाँडफाँट** | ११,८७,६२,९९६.४२ | **वित्तीय/अन्य व्यवस्था** | ५७,९८,६८६ |
| **आन्तरिक आय** | १,६३,०१,८९७.९९ | | |
| **अन्य आय** | १६,५६,७३,७२०.२२ | | |
| **कुल आय** | ७०,३५,९५,४४५.६३ | **कुल खर्च** | ७०,८८,६४,९८३.०९ |
| **बाँकी मौज्दात** | | ७,२४,००,५८१.०५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भिमाद नगरपालीकाको स्थापना २०७३ साल चैत्रमा भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ९ वडा, सभा सदस्य ४९ जना, १२९.२९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३३ हजार जनसंख्या रहेको छ । | |
| २ | | | लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धित प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>लेखापरीक्षणको क्रमा निम्नानुसार रकम असुल भई सम्बन्धित संचित कोषहरुमा दाखिला भएको छ। | |

| बिबरण | असुली रकम रु. | संचित कोष |
|---|---|---|
| शिक्षा तर्फ विद्यालयहरुलाई बढि निकासा दिएको रकम | ३४७६०० | संघिय |
| राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फ बिद्यालयमा बाँकी रहेको रकम | २२२४२५० | संघिय |
| पूर्वनिर्धारित क्षतिपूर्ति रकम | २५००० | संघिय |
| सामाजिक सुरक्षा कर रकम | ११२७० | संघिय |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अग्रिम कर रकम</td><td>७८६९२</td><td>संघिय</td></tr>
<tr><td>बढि निकासा भएको सामाजिक सुरक्षा भत्ता रकम</td><td>१५७१९७</td><td>संघिय</td></tr>
<tr><td>बहाल कर रकम</td><td>२८५९०</td><td>स्थानिय</td></tr>
<tr><td>विभिन्न बिलमा बढी भुक्तानी भएको रकम</td><td>९३६००</td><td>स्थानिय</td></tr>
<tr><td>जम्मा</td><td>२९६६१९९</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
एकिकृत आर्थिक विवरण
<table>
<tr><th></th><th colspan="3">आय तर्फ</th><th colspan="3">व्यय तर्फ</th></tr>
<tr><th>सि नं</th><th>विवरण</th><th>रकम</th><th>रकम</th><th>विवरण</th><th>रकम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत बर्षको जिम्मेवारी</td><td></td><td></td><td>चालु खर्च</td><td>४७७६५४३०९.१</td><td>४७७६५४३०९.१</td></tr>
<tr><td></td><td>क. नगद</td><td>०</td><td>७७६७०११८.५१</td><td>पुँजिगत खर्च</td><td>२२५४११९८८</td><td>२२५४११९८८</td></tr>
<tr><td></td><td>ख. बैंक</td><td>७७६७०११८.५१</td><td></td><td>बित्तिय व्यवस्था भुक्तानी</td><td></td><td></td></tr>
<tr><td>२</td><td>राजश्व (आन्तरिक आय)</td><td></td><td></td><td>क. ऋण भुक्तानी</td><td></td><td></td></tr>
<tr><td></td><td>क.आन्तरिक राजश्व (आफ्नो मात्रै)</td><td>१६३०१८९७.९९</td><td>१३५०६४८९४.४</td><td>ख. ब्याज भुक्तानी</td><td></td><td></td></tr>
<tr><td></td><td>ख. राजश्व बाँडफाँड (संघिय सरकार)</td><td>८५१२१३५३.०२</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>ग. राजश्व बाँडफाँड (प्रदेश सरकार)</td><td>१४२३८०४४</td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घ. राजश्व बाँडफाँड (स्थानिय सरकार) | ११७२२४४४ | | लगानी | | |
| | ङ. घरजग्गा रजिष्ट्रेशन दस्तुर | ७६८११५५.४ | | क. ऋण लगानी | | |
| ३ | बित्तिय हस्तानान्तरण (संघ) | | | ख. अन्य लगानी | | |
| | क. बित्तिय समानिकरण अनुदान | ११९६००००० | ३८४६९२८७४ | | | |
| | ख. शशर्त अनुदान | २६१००१७५० | | फिर्ता खर्च | | |
| | ग. समपुरक अनुदान | ० | | धरौटी फिर्ता | १५४३७१९ | १५४३७१९ |
| | घ. विशेष अनुदान | ४०९११२४ | | | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | शशर्त अनुदान फिर्ता | ० | ० |
| | क. वित्तिय समानिकरण अनुदान | १३८४२००० | १८१६३९५७ | LGCDP को रकम | | |
| | ख. शशर्त अनुदान | १४१२६९४ | | अर्थ बजेट | | |
| | ग. समपुरक/विशेष अनुदान | २९०९२६३ | | विपद व्यवस्थापन कोष खर्च | ४२५४९६७ | ४२५४९६७ |
| ५ | अर्थ बजेट | | | कोष खर्च | | |
| ६ | अन्तर स्थानिय तहबाट प्राप्त | | | | | |
| ७ | बित्तिय व्यवस्था प्राप्ती | | | क. नगद मौज्दात | ० | ० |
| | क. ऋण/साँवा/व्याज प्राप्ती | | | बैंक मौज्दात | | |
| | ख. अन्य प्राप्ती | | | क. संचित कोष खाता | ६५३१६९२०.९२ | ६५३१६९२०.९२ |
| ८ | जनसहभागिता रकम | | | ख. चालु खर्च खाता | ० | ० |
| ९ | विषयगत निकायबाट प्राप्त नगद | | | ग. पुँजिगत खर्च खाता | ० | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>सामाजिक सुरक्षा</td><td>१३८३६३७६५.१</td><td>१३८३६३७६५.१</td><td>घ. धरौटी खाता</td><td>५१९८३५९</td><td>५१९८३५९</td></tr>
<tr><td>११</td><td>एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>१४४२७६०९</td><td>१४४२७६०९</td><td>ङ. विभाज्य कोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>१२</td><td>धरौटी आय</td><td>६७४२०७८</td><td>६७४२०७८</td><td>च. कर्मचारी कल्याण कोष</td><td>०</td><td>०</td></tr>
<tr><td>१३</td><td>विपद व्यवस्थापन कोष</td><td>६१४०२६८.१३</td><td>६१४०२६८.१३</td><td>छ. विपद व्यवस्थापन कोष</td><td>१८८५३०१.१३</td><td>१८८५३०१.१३</td></tr>
<tr><td>१४</td><td>जिल्ला समन्वय समिति</td><td>०</td><td>०</td><td></td><td></td><td></td></tr>
<tr><td>१५</td><td>कर्मचारी कल्याण कोष</td><td>०</td><td>०</td><td>साट्न बाँकी चेक</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७८१२६५५६४.१</td><td>७८१२६५५६४.१</td><td></td><td>७८१२६५५६४.१</td><td>७८१२६५५६४.१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
वित्तीय विवरणः<br><br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br><br>
• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषबाट भएको खर्च तथा खर्च नभइ बाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<ul><li>स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस बाट प्राप्त वित्तिय प्रतिवेदनमा देहायको विवरण फरक परेकोले यसको वित्तीय प्रतिवेदनले आयव्ययको यथार्थता चित्रण गर्दैन।</li></ul>
<table>
<tr><th>विवरण</th><th>स्रेस्ता अनुसार</th><th>मलेप फा.न २७२ अनुसार</th><th>फरक रकम</th></tr>
<tr><td>गत वर्षको जिम्मेवारि</td><td>१२८४९९३१०</td><td>७७६७०११८.५१</td><td>५०८२९१९१</td></tr>
<tr><td>मौज्दात</td><td>७२४००५८१.०५</td><td>७६३०१०९५.८२</td><td>३९००५१४.७७</td></tr>
<tr><td>धरौटी</td><td>५१९८३५९</td><td>५१९८३५९</td><td>०</td></tr>
</table>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>
बैंक हिसाब मिलान नगरेको<br><br>
स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिवरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखिन्छ। फरक पर्नुको कारण पहिचान गरी हिसाब मिलान गर्नुपर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>सन्चित कोष खाता लगायत सबै खाता</td><td>७४४०२५४५.०५</td><td>७६३०१०९५.८२</td><td>१८९८५५०.७७</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **मौज्दात रकम फिर्ताः**<br><br>अर्थ मन्त्रालयको अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनमा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्त सम्म खर्च नभई बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। आर्थिक बर्ष २०७८।७९ मा खर्च नभई बाँकी रहेको शसर्त अनुदान असार महिनामा निकासाबाट नै मिलान गरेकोले फिर्ता गर्नुपर्ने बाँकी नरहेको पालिकाले जनाएको छ। | |
| ८ | | | **कोलेनिकाको कार्यसंचालन कोषको रकमः**<br><br>**.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.५०००००।- सम्परीक्षण गरिएको ।)** | ० |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्।<br><br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,<br>• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको नगरेको,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार नगरेको,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वयन अवस्था कमजोर रहेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएको<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरेको,<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नगरेको,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• धरौटीको श्रेस्ता अनुसार रु. ५१,५८,३५९ धरौटी बाँकी रहेकोमा विगत ४ बर्ष देखि धरौटी सदरस्याहा गर्नुपर्ने रकम यकिन नगरेको र सदरस्याहा पनि नगरेकोले रकम यकिन गरी धरौटी सदरस्याहा गर्नुपर्ने ।<br>• कार्यालयले सुचनामुलक तथा सेवाग्राहीलाइ फलदायी हुने किसिमका मात्र सुचना प्रकाशन गर्नुपर्नेमा अत्याधिक मात्रमा शुभकामना विज्ञापन तथा सुचना प्रसारण गरि खर्च भएको छ । अनावश्यक रुपमा शुभकामना तथा विज्ञापन गरी सरकारी रकम भुक्तानी भएको उचित देखिएन। पालिकाले उपयोगी र सन्देशमुलक किसिमका सुचना प्रकाशन गरी यस्तो किसिमका खर्चमा मितव्ययिता अपनाउनु पर्छ।<br>• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालीकाले सार्वजनिक सम्पतीहरुको अभिलेख राखेको छैन् ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>
अबण्डा बजेट
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार शिर्षकमा निम्नानुसार रु. ५ करोड ४ लाख ५० हजार अर्थात कुल बजेट रु. ६४ करोड ४३ लाख ३१ हजारको ७.८३ प्रतिशत बजेट अबण्डाको रुपमा राखी खर्च गरेको छ। उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट खर्च गरेको छ। यसरी ठुलो रकम अबण्डामा राखी खर्च गर्नु बजेट सिद्धन्त बिपरित छ भने यसरी खर्च गर्दा आर्थिक अनियमितता बढ्ने संभावना रहन्छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रवृतिलाई नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नगर कार्यपालिकाको निर्णय अनुसार सडक लगायत अन्य भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भार योजना</td><td>३०९५००००</td></tr>
<tr><td>२</td><td>समपुरक योजनाहरु</td><td>९५०००००</td></tr>
<tr><td>३</td><td>लागत सहभागितामा संचालन हुने पुर्वाधार योजनाहरु</td><td>१००००००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५०४५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
खर्च बिश्लेषणः
पालिकाले यसबर्ष गत बर्षको अल्या रु. ७ करोड ७६ लाख ७० हजार र आन्तरिक आयबाट रु.२ करोड ८० लाख २४ हजार समेत रु. ६४ करोड ३१ लाख ३३ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३३ करोड ९२ लाख ९१ हजार र पूँजिगत तर्फ रु. २१ करोड ९ लाख ८४ हजार गरी जम्मा रु. ५५ करोड २ लाख ७५ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.०९ प्रतिशत मात्र रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.६६ प्रतिशत
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

चालु र ३८.३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गर्नुपर्दछ। साथै आन्तरीक आयको स्रोतहरु पहिचान गरी आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| अ ल्या | आन्तरिक आय | आय ठेक्काबाट नपाको हिस्सा | कुल जम्मा | कुल चालु खर्च | कुल पुँजिगत खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|---|
| ७७६७०११८.५१ | १६३०१८९७.९९ | ११७२२४४४ | १०५६९४४६०.५ | ३३९२९०५४४ | २१०९८४३७९ | ५५०२७४९२३ |

१२

**चौमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ। पालीकाले कुल बजेटको तुलनामा ८५.६० प्रतिशत खर्च गरेको छ। पुँजीगत खर्च रु. २१ करोड ९ लाख ८४ हजार मध्ये तेश्रो चौमासीकमा ५६.३० प्रतिशत र असार महिनामा मात्र ३०.६३ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | बजेट उपशीर्षक | बजेट र खर्च | | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | असार महिनाको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | खर्च प्रतिशत | खर्च | खर्च प्रतिशत | खर्च | खर्च प्रतिशत | खर्च | खर्च प्रतिशत | खर्च | खर्च प्रतिशत |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चालु | ३८०३७१८७० | ३३९२९०५४४ | ८९.२ | ८९४४५८७५ | २३.५२ | १०२८३३५८२ | २७.०४ | १४७०११०८७ | ३८.६५ | ५०४८०५०२ | १३.२७ |
| २ | पुँजिगत | २६२७६११३० | २१०९८४३७९ | ८०.३ | १७२६९९९८ | ६.५७ | ४५७७७०१७ | १७.४२ | १४७९३७३६४ | ५६.३ | ८०४९१४३७ | ३०.६३ |
| | जम्मा | ६४३१३३०००० | ५५०२७४९२३ | ८५.५६ | १०६७१५८७३ | १६.५९ | १४८६१०५९९ | २३.११ | २९४९४८४५१ | ४५.८६ | १३०९७१९३९ | २०.३६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS):** पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। | |
| १४ | | | **सेवाप्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा स्थानीय तह तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाले यस वर्ष जन्मदर्ता ११५१ वटा, मृत्युदर्ता ३५८ वटा, विवाह दर्ता ५६४ वटा, सम्वन्ध विच्छेद ५९ वटा, नाता प्रमाणित ६८३ वटा, वसाई सराई २९४ वटा, नागरीकता सिफारिस १८४० वटा, घरबाटो शिफारिस ४२५ वटा र अन्य सिफारिस ७९४२ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको छ। | |
| १५ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | बाँकी | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| आर्थिक विकास | ३६४६०१३०. | २५३०३५०६. | ६९.४ | १११५६६२४. | ४.६० |
| सामाजिक विकास | ३२००४४८७०. | २९२६४७१७९. | ९१.४४ | २७३९७६९१. | ५३.२८ |
| पूर्वाधार विकास | १९६१६४०००. | १५९२१०६४७. | ८१.१६ | ३६९५३३५३. | २८.९३ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६५६४०००.०० | ३५११४२६.०० | ५३.५ | ३०५२५७४.०० | ०.६४ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८३९०००००.०० | ६९६०२१६५.०० | ८२.९६ | १४२९७८३५.०० | १२.६५ |
| जम्मा | ६४३१३३०००. | ५५०२७४९२३. | ८५.६० | ९२८५८०७७. | १००.०० |

पालीकाले कुल बजेटको तुलनामा ८५.६० प्रतिशत खर्च गरेको छ भने खर्चको सबैभन्दा बढी अंश अर्थात ५३.१८ प्रतिशत सामाजिक विकासमा र सबै भन्दा कम अंश अर्थात ०.६४ प्रतिशत सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा खर्च गरेको छ। पालिकाको बस्तुस्थिति तथा आवश्यकता अनुसार बजेट विनियोजन तथा खर्च गर्नु पर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ। यस पालिकावाट आ.व. २०७८।७९ मा नयाँ घर नक्सा पासको लागि ३८ वटा निवेदन पेश | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेकोमा १८ वटालाई निर्माण सम्पन्न प्रमाण पत्र दिएको छ। साथै १८ वटा पुरानो घर अभिलेखिकरणको काम गरेको र १९ वटा अस्थायी अनुमती पत्र दिएको छ। अन्य पालिकाहरुको असल अभ्यासहरुलाई अनुसरण गरी नक्सापास तथा सोको अभिलेख व्यवस्थापनलाई व्यवस्थीत बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>न्यायीक समितिः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार आ.ब. २०७८/७९ मा ३१ समेत हाल सम्म १७४ उजुरी दर्ता भएकोमा आ.ब. २०७८/७९ मा २१ समेत १०१ उजुरी फछ्यौट भई ७३ उजुरी फछ्यौट गर्न बाँकी रहेको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>भवन निर्माणः<br><br>पालिकाले आफ्नो क्षेत्रको समग्र विकासको लागि स्थानिय आवश्यकता तथा प्राथमिकताको आधारमा उपलब्ध श्रोत साधनको उपयोग गर्नुपर्दछ। योजना छनौट तथा बजेट बिनियोजन गर्दा अधिकतम जनतालाई अधिकतम लाभ हुने तथा उत्पादन र उत्पादकत्व बढाउने प्रकृतिको योजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ। पालिकाको आर्थिक बर्ष २०७८।७९ को योजना छनौट तथा कार्यान्वयनको प्रबृति निम्नानुसार छ।
<table>
<tr><th>विवरण</th><th>पालिका तर्फ</th><th>वडा नं. १</th><th>वडा नं. २</th><th>वडा नं. ३</th><th>वडा नं. ४</th><th>वडा नं. ५</th><th>वडा नं. ६</th><th>वडा नं. ७</th><th>वडा नं. ८</th><th>वडा नं. ९</th><th>जम्मा</th></tr>
<tr><td>आमा समुह भवन संख्या</td><td>०</td><td>४</td><td>७</td><td>६</td><td>५</td><td>१</td><td>४</td><td>०</td><td>१</td><td>१</td><td>२९</td></tr>
<tr><td>बजेट</td><td>०</td><td>६५००००</td><td>१८०००००</td><td>९५००००</td><td>५०००००</td><td>१०००००</td><td>७५००००</td><td>०</td><td>१०००००</td><td>२०००००</td><td>५०५००००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खर्च | ० | ६१५९२७ | १६४५८३९ | ८८९२८७ | ४७५५६५ | १००००० | ७१३२०७ | ० | ९३६४० | १९५००० | ४७२८४६५ |
| सामुदायिक भवन संख्या | ० | १ | १ | २ | १२ | ४ | ३ | ९ | ३ | ५ | ४० |
| बजेट | ० | २००००० | २००००० | ३००००० | २०००००० | १२०००००० | ९००००० | ३०००००० | १०००००० | १५५०००० | १०३५०००० |
| खर्च | ० | १३०९१४ | १८१०१० | १८२३९३ | १८८७६५० | ११५७२७३ | ८३४७३५ | २९२६८८८ | ८९३१०९ | १४३६०६९ | ९६३००४१ |
| विद्यालय भवन संख्या | ० | ५ | ४ | ३ | १ | ३ | १ | १ | ३ | ३ | २४ |
| बजेट | ० | १३०००००० | ६५००००० | ७००००० | १००००० | ४००००० | १५००००० | ५००००० | ८००००० | १२००००० | ५८०००००० |
| खर्च | ० | १२१५२१६ | ६११९३२ | ६६९३३७ | ९६१३३ | ३५८४१० | १४६२५० | ४८४९०१ | ७८२५०० | ६७०९०७ | ५०३५५८६ |
| संचाई योजना संख्या | ० | १३ | २ | १६ | ७ | १० | १ | ६ | ० | २ | ५७ |
| बजेट | ० | १५००००० | ७००००० | १८००००० | १००००० | १५५५०० | ५००००० | १३००००० | ० | ३५०००० | ७८००००० |
| खर्च | ० | ११३८२४९ | ५२२८०९ | १६७५९३४ | ९७२४५१ | १३६९६५५ | ४८७५०० | ११२९३२० | ० | १९५००० | ७४९०९१८ |
| सडक योजना संख्या | १५ | ४६ | ३५ | २५ | ३४ | २८ | २७ | ९ | १४ | १२ | २४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बजेट | ६९४५०००० | ७१५०००० | ६७५०००० | ४२००००० | ५०५०००० | ६४००००० | ९६५०००० | ३५००००० | ५५००००० | ४२५०००० | १२१९००००० |
| खर्च | ६००२९९९६ | ५९९४३३१ | ६२०२४८३ | ३७६७६७१ | ४७५९८३१ | ५८४७३२० | ९३३०५३० | ३१५१६०७ | ५२१७०३८ | ३८५३६६७ | १०८१५४४७४ |
| कृषि योजना | ४ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ५ |
| बजेट | ६५१४२६० | ० | ० | ० | ० | ० | ० | ० | १००००० | ० | ६६१४२६० |
| खर्च | २८४९०००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २८४९००० |
| खानेपानी | १ | १० | १८ | ६ | ६ | ११ | १ | २ | ३ | ३ | ६१ |
| बजेट | ५०००००० | ७५०००० | २९५०००० | ७००००० | ८००००० | १३९०००० | २००००० | २००००० | ५५०००० | ७५०००० | १३२९०००० |
| खर्च | ० | ६६८५५५ | २८२४४८३ | ६८५५८० | ४६०३४९ | १३०२७८५ | १९१५०४ | १९५००० | ५३२६६६ | ६८६२७७ | ७५४७१९९ |
| अन्य (मन्दिर, साम्प्रदायिक भवन,प्रतिक्षालय लगायत) | ० | १२ | १० | ५ | १५ | ६ | ६ | १३ | ७ | ३ | ७७ |
| बजेट | ० | २८५०००० | २०००००० | ७५०००० | २१००००० | ९००००० | १९००००० | ३७००००० | १८००००० | १२००००० | १७२००००० |
| खर्च | ० | २१४२९३८ | १९१४०५१ | ६७५८४५ | १९००९३७ | ८०५१६३ | १६१२०७५ | ३२३४२५८ | १५६८५४३ | ४५४२५४ | १४३०८०६४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कुल जम्मा</td><td>बजेट</td><td>१८८००४२६०</td></tr>
<tr><td></td><td>खर्च</td><td>१५९७४३७४७</td></tr>
<tr><td></td><td>योजना संख्या</td><td>५३८</td></tr>
</table>
पालिकाले यो बर्ष मात्र ९ वटा वडाका २९ आमा समुह भवनको लागी रु. ५० लाख ५० हजार बजेट बिनियोजन गरी रु. ४७ लाख २८ हजार, ४० सामुदायिक भवनको लागी रु. १ करोड ३ लाख ५० हजार बजेट बनियोजन गरी ९६ लाख ३० हजार, ७७ मन्दिर, साम्प्रादायिक भवन, प्रतिक्षालय, शौचालय, भ्यू टावर लगायतको लागि रु. १ करोड ७२ लाख बजेट बिनियोजन गरी रु. १ करोड ४३ लाख ८ हजार खर्च गरेको छ। पालिकाले पालिका स्तरका विभिन्न ४ कृषि योजना र वडा स्तरको १ योजनाको लागी रु. ६६ लाख १४ हजार बिनियोजन गरेकोमा पालिका स्तरको योजनामा २८ लाख ४९ हजार मात्र खर्च गरेको छ भने वडा स्तरको योजनामा खर्च गरेको छैन्। त्यस्तै ५७ सिंचाई योजनाको लागी ७८ लाख बजेट बिनियोजन भएकोमा ७४ लाख ९१ हजार, ६१ खानेपानी योजनाको लागी १ करोड ३२ लाख ९० हजार बजेट बिनियोजन गरेकोमा ७५ लाख ४७ हजार खर्च गरेको छ। स्थानिय तह स्थापनाकाल देखि नै बजेट बिनियोजन तथा खर्चको प्रबृति यस्तै रहेको पालिकाले जनाएको छ। यसरी पालिकाको बजेट बिनियोजन तथा खर्चको प्रबृति विश्लेषण गर्दा उत्पादन र उत्पादकत्व बढाउने प्रबृतिका योजना भन्दा वितरणमुखी उत्पादन र उत्पादकत्वमा असर नपार्ने काममा खर्च भएको देखिन्छ। बर्षमा बिरलै मात्र ढोका खोलिने आमा समुह भवन, सामुदायिक भवन तथा साम्प्रदायिक भवन निर्माणमा ठुलो मात्रमा बजेट खर्च भएको छ भने अधिकांश भवनहरु सम्पन्न भएका छैनन्। अर्को तर्फ एउटै गाउँ/टोलमा पनि आमा समुह भवन, सामुदायिक भवन तथा विभिन्न जात तथा साम्प्रदायको छुट्टा छुट्टै भवनको लागि बजेट बिनियोजन तथा खर्च गरी सिमित श्रोत साधनको अनुत्पादक रुपमा खर्च गरिएको छ। अर्को तर्फ कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता जनताको दैनिक जिविका तथा जिवनस्तर अभिबृद्धिको लागी प्रत्यक्ष सरोकार राख्ने योजनाहरुमा कम मात्रामा बजेट बिनियोजन भएको देखिन्छ। कुल खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.०९ प्रतिशत मात्र भएको पालिकाले यसरी उत्पादन र उत्पादकत्व अभिबृद्धिमा ध्यान नदिँदा पालिकाको दिगो विकासमा असर पर्दछ। अतः पालिकाको दिगो विकासको लागि शिक्षा, स्वास्थ्य, कृषि, सिचाई, खानेपानी जस्ता जनताका आधारभुत आवश्यकता परिपुर्ति गर्ने, दैनिक जिवनलाई सहज
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बनाउने, जिवनस्तर अभिबृद्धि गर्ने, स्वोरोजगार तथा रोजगार सिर्जना तथा समग्र मानव विकासलाई योगदान गर्ने प्रकृतिका योजनाहरु छनौट गर्नुपर्दछ। पालिकाले निर्माण गरेको अधुरो सामुदायिक भवनहरुको केही तस्विरहरु निम्नानुसार छन्।       | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण खर्चः<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सोको अभिलेख अनुसूची-६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. २४ लाख ९९ हजार अनुगमन तथा मुल्यांकन खर्च लेखेको छ तर दुरीको विवरण राखेको छैन। अनुगमन तथा भ्रमण खर्चलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>स्वीकृत दरवन्दी वेगरको करार सेवाः<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई आदि सम्बन्धि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ती गर्न नसकिने कानुनी व्यवस्था रहेको छ। संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ती व्यवस्थापन गर्ने कार्यविधी २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारी राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानुन विपरीत भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। स्वीकृत दरवन्दी वेगर देहाय अनुसारका कर्मचारी पालिकाले खर्च लेखेको छ। स्वीकृत दरवन्दी वेगर पद सिर्जना गरी खर्च लेख्ने प्रवृतिमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। यसरी खर्च लेखेको रकम अनियमित देखिएको रु.<br>
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>खेलकुद प्रशिक्षकको रुपमा चक्र बहादुर कुँवर राखी मासिक रु.२२००० तथा चाडपर्व खर्च र पोशाक रकम भुक्तानी</td><td>२९६०००</td></tr>
<tr><td>कम्पयुटर शिक्षकको रुपमा ५ जना राखी मासिक रु.१५००० का दरले भुक्तानी</td><td>९७५०००</td></tr>
</table></td><td>१,२७१,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>खाना तथा विविध खर्चः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम सम्वन्धी मापदण्ड, २०७७ को दफा ३ मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन, विविध खर्च लगाएतका शिर्षकमा खर्च गर्दा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था भएकोमा छ। नगरपालिकाले चालु आ.व.मा खानाखाजा तथा विविधमा रु. २० लाख ९३ हजार खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। | |
| २२ | | | **आर्थिक सहायताः**<br><br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिकसहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड, २०७७ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाले यस आर्थिक वर्षमा विभिन्न ७७ व्यक्तिलाई औषधी उपचार प्रयोजनको लागी जम्मा रु. ७ लाख ८० हजार आर्थिक सहायता उपलब्ध गराएको छ। नगरपालिकाको चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा स्पष्ट प्रयोजन समेत नखुलाई सहायता वितरण गरेको पाइयो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिकाले चालु आ.व.मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्। | |

| सि. नं. | आर्थिक सहायता पाउने व्यक्ती तथा संस्थाको नाम | प्रयोजन | सहायता रकम |
|---|---|---|---|
| १ | अभिषेक सिग्देल | औषधी उपचार सहयोग | १२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २ | माया कुमारी बि क | औषधी उपचार सहयोग | ५००० |
| ३ | रामहरी गौतम | औषधी उपचार सहयोग | १०००० |
| ४ | तारा नेपाली | औषधी उपचार सहयोग | १२००० |
| ५ | लोक बहादुर थापा मगर | औषधी उपचार सहयोग | १५००० |
| ६ | तुल बहादुर थापा | औषधी उपचार सहयोग | ७००० |
| ७ | मन बहादुर थापा | औषधी उपचार सहयोग | ८००० |
| ८ | मुनाफ मिया | औषधी उपचार सहयोग | ७००० |
| ९ | रेवती थापा | औषधी उपचार सहयोग | ६००० |
| १० | प्रेम बहादुर राना | औषधी उपचार सहयोग | ७००० |
| ११ | रुद्र बहादुर कुमाल | औषधी उपचार सहयोग | ६००० |
| १२ | सेते शार्की | औषधी उपचार सहयोग | ८००० |
| १३ | सुरेश कुमार राना | औषधी उपचार सहयोग | १५००० |
| १४ | जंग बहादुर थापा | औषधी उपचार सहयोग | ८००० |
| १५ | श्रीराम थापा | औषधी उपचार सहयोग | १०००० |
| १६ | केशर बहादुर गरन्जा | औषधी उपचार सहयोग | ४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | १७ | सेतु शाही | औषधी उपचार सहयोग | ८००० | |
| | | | १८ | बुधे कामी | औषधी उपचार सहयोग | ५००० | |
| | | | १९ | बेल बहादुर थापा | औषधी उपचार सहयोग | ५००० | |
| | | | २० | प्रेम बहादुर थापा | औषधी उपचार सहयोग | ५००० | |
| | | | २१ | इमान सिंह थापा | औषधी उपचार सहयोग | १५००० | |
| | | | २२ | खुम बहादुर शार्की | औषधी उपचार सहयोग | ७००० | |
| | | | २३ | तिल बहादुर नेपाली | औषधी उपचार सहयोग | १५००० | |
| | | | २४ | देउ सिंह गुरुङ्ग | औषधी उपचार सहयोग | ५००० | |
| | | | २५ | मंगल बहादुर बि क | औषधी उपचार सहयोग | १०००० | |
| | | | २६ | अमृत परियार | औषधी उपचार सहयोग | ५००० | |
| | | | २७ | टली दमाइ | औषधी उपचार सहयोग | ११००० | |
| | | | २८ | रेवती सुनार | औषधी उपचार सहयोग | १२००० | |
| | | | २९ | सुनसरे नेपाली | औषधी उपचार सहयोग | १३००० | |
| | | | ३० | पूर्ण बहादुर थापा | औषधी उपचार सहयोग | १०००० | |
| | | | ३१ | नारायणी तामाङ्ग | औषधी उपचार सहयोग | १०००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ३२ | नर बहादुर थापा | औषधी उपचार सहयोग | ५००० | |
| | | | ३३ | शान्ता परियार | औषधी उपचार सहयोग | ५००० | |
| | | | ३४ | शुक बहादुर बि क | औषधी उपचार सहयोग | ७००० | |
| | | | ३५ | तारा सिंह थापा | औषधी उपचार सहयोग | ७००० | |
| | | | ३६ | याम बहादुर थापा | औषधी उपचार सहयोग | ६००० | |
| | | | ३७ | यम बहादुर थापा | औषधी उपचार सहयोग | ७००० | |
| | | | ३८ | लाला बहादुर सुनार | औषधी उपचार सहयोग | १०००० | |
| | | | ३९ | श्री शान्ति दिप युवा क्लव | औषधी उपचार सहयोग | १५००० | |
| | | | ४० | अमृत बहादुर थापा | औषधी उपचार सहयोग | १५००० | |
| | | | ४१ | तनहुँ नेत्रहिन संघ | नेत्रहिनको लागि तालिम | १०००० | |
| | | | ४२ | सोम बहादुर थापा | औषधी उपचार सहयोग | ७००० | |
| | | | ४३ | थमन सिंह दमाई | औषधी उपचार सहयोग | ७००० | |
| | | | ४४ | बम बहादुर थापा | औषधी उपचार सहयोग | ६००० | |
| | | | ४५ | तेज बहादुर कामी | औषधी उपचार सहयोग | ५००० | |
| | | | ४६ | टोमाया आले | औषधी उपचार सहयोग | ५००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ४७ | राम बहादुर हुन्चिन | औषधी उपचार सहयोग | १५००० | |
| | | | ४८ | पूर्ण बहादुर कुमाल | औषधी उपचार सहयोग | १५००० | |
| | | | ४९ | टिकामाया थापा | औषधी उपचार सहयोग | १२००० | |
| | | | ५० | पवित्रा शार्की | औषधी उपचार सहयोग | १५००० | |
| | | | ५१ | भुपती श्रेष्ठ | औषधी उपचार सहयोग | ५००० | |
| | | | ५२ | तारा सिंह बि क | औषधी उपचार सहयोग | १०००० | |
| | | | ५३ | कृष्ण बहादुर सुनार | औषधी उपचार सहयोग | १०००० | |
| | | | ५४ | कौशिला गहतराज | औषधी उपचार सहयोग | १०००० | |
| | | | ५५ | कं माया थापा | औषधी उपचार सहयोग | १५००० | |
| | | | ५६ | भविलाल कुमाल | औषधी उपचार सहयोग | ५१००० | |
| | | | ५७ | बुद्धिमाया भण्डारी | औषधी उपचार सहयोग | ५००० | |
| | | | ५८ | बासु आले | औषधी उपचार सहयोग | १५००० | |
| | | | ५९ | पदम कुमारी शार्की | औषधी उपचार सहयोग | १४००० | |
| | | | ६० | रन बहादुर कामी | औषधी उपचार सहयोग | ४००० | |
| | | | ६१ | नेत्र बहादुर श्रेष्ठ | औषधी उपचार सहयोग | १०००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ६२ | इमान सिंह थापा | औषधी उपचार सहयोग | १३००० |
| ६३ | पदम बहादुर थापा | औषधी उपचार सहयोग | १३००० |
| ६४ | बिनम आले | औषधी उपचार सहयोग | १२००० |
| ६५ | च्यान्टी माया राना | औषधी उपचार सहयोग | ६००० |
| ६६ | लोक बहादुर थापा | औषधी उपचार सहयोग | १०००० |
| ६७ | कोशिश नेपाल | मानसिक उपचार | १८००० |
| ६८ | गम्भिर सिंह दमाइ | औषधी उपचार सहयोग | १५००० |
| ६९ | दल बहादुर थापा | औषधी उपचार सहयोग | १५००० |
| ७० | लिल माया थापा | औषधी उपचार सहयोग | १०००० |
| ७१ | लोक बहादुर थापा | औषधी उपचार सहयोग | ५००० |
| ७२ | रेशम श्रेष्ठ | औषधी उपचार सहयोग | ५००० |
| ७३ | जित बहादुर थापा | औषधी उपचार सहयोग | १२००० |
| ७४ | रामचन्द्र पण्डित | औषधी उपचार सहयोग | १५००० |
| ७५ | मेख बहादुर थापा | औषधी उपचार सहयोग | १२००० |
| ७६ | बुद्धि बहादुर थापा | औषधी उपचार सहयोग | १०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७७</td><td>मनोज कुमार चन्द</td><td>औषधी उपचार सहयोग</td><td>१००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७८००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
योजना छनौट तथा कार्यान्वयनः<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमा आधारित योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला तथा माग र आवश्यकताका आधारमा योजना छनौट गरि कार्यान्यवन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन
<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>योजना संख्या</th><th>बजेट (हजारमा)</th><th>खर्च (हजारमा)</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमका योजना</td><td>७२</td><td>३६०७</td><td>३३९४</td></tr>
<tr><td>२</td><td>रु १लाख एक देखि ५ लाख सम्मका योजना</td><td>४९९</td><td>११२०९४</td><td>१०९१२१</td></tr>
<tr><td>३</td><td>रु ५ लाख एक देखि १० लाख सम्मका योजना</td><td>३९</td><td>२६५४६</td><td>२५३७३</td></tr>
<tr><td>४</td><td>१० लाख एक देखि ५० लाख सम्मका योजना</td><td>१८</td><td>४८४०३</td><td>३०५२८</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजनाहरु</td><td>६</td><td>४९४३६</td><td>४९४३५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६३४</td><td>२४००८६</td><td>२१७८५१</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **ठेक्का व्यबस्थापनः**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउ पत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ। पालीकाले यो आ.ब.मा २ करोड ६९ लाख ४३ हजारको विभिन्न ४ वटा ठेक्का व्यवस्थापन गरेकोमा २ वटा प्रथम चौमासिकमा, एउटा दोस्रो चौमासिक र एउटा तेस्रो चौमासिकमा गरेको छ। समयमा ठेक्का व्यवस्थापन गरी निर्माण कार्यको गुणस्तर कायम गर्ने तर्फ सदैव ध्यान दिनुपर्ने देखिन्छ। | |
| २५ | | | **ड्राईभिङ्ग तालिमः**<br><br>पालिकाले लघुउद्यम विकास कार्यक्रम अन्तर्गत हलुका सवारी चालक तालिम सप्तगण्डकी मल्टिटेक्निकल सेन्टर प्रा.ली सँग मिति २०७८।१२।१५ देखी २०७९।१।१४ सम्म संचालन गरी ३८ जना युवाहरुलाई तालिम संचालन गरी रु. ४ लाख ७५ हजार खर्च लेखेकोमा ड्राईभिङ्ग तालिम पश्चात कति जना युवाले ड्राईभिङ्ग लाईसेन्स लिए र हाल यिनिहरु के गरीरहेका छन् भनेन् सम्बन्धमा कुनै प्रतिवेदन तयार गरको छैन। आफुले गरेको खर्चको उपलब्धी प्राप्त भए नभएको सम्बन्धमा पालिका जानकार रहनु पर्दछ र आगामी कार्यक्रम संचालन गर्दा पृष्ठपोषणको रुपमा लिनुपर्दछ। | |
| २६ | | | **अनुगमन भत्ताः**<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसुची-६ को ढाँचामा राख्नु पर्ने तथा भ्रमण खर्चलाई विश्वासनीय बनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालिको थप व्यवस्था गर्नु पर्ने उल्लेख छ । नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा पालिकाले यस वर्ष बिषयगत र चालु बाहेक यस पुँजिगत शिर्षकको कन्टिन्जेन्सि बाट विभिन्न योजना तथा कार्यक्रमको अनुगमन गरेको भनी देहाय अनुसार रु.३ ला ८ हजार खर्च लेखेको तर भ्रमण खटिने पदाधिकारी तथा कर्मचारी भ्रमणको उद्देश्य भ्रमण विल अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख दुरीको विवरण र सवारी साधनको टिकट नराखी केवल अनुगमन भत्ता बुझेको भरपाई मात्र संलग्न छ। भिमाद नगरपालिका भित्रको सबै क्षेत्र १५ कोषको दुरी भित्र रहेको र नगरपालिका पादधिकारीहरुले सरकारि गाडि सुविधा उपभोग गरेकोमा समेत अनुगमन भत्ता कन्टिन्जेन्सि बाट बुझ्ने गरेको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>देखिन्छ। पदाधिकारीहरुले पाउने सुविधामा नै अनुगमन भत्ता समावेश हुने प्राविधक कर्मचारीहरुले फिल्ड भत्ता पाउने भएकोले पुनः अनुगमन शिर्षकमा खर्च लेख्दा दोहोरो पर्ने र पालिकालाई बढी व्ययभार पर्छ। यसरी दोहोरो भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>गो.भौ.न.।मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४६४।२०७९।३।२५</td><td>विभिन्न योजना अनुगमन</td><td>१३८०००</td></tr>
<tr><td>४७८।२०७९।३।२५</td><td>विभिन्न योजनाहरुको अनुगमन</td><td>११६७००</td></tr>
<tr><td>४३३।२०७९।३।२३</td><td>सहकारी सम्वन्धी तालिममा अनुगमन</td><td>५३०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३०७७००</td></tr>
</table></td><td>३०७,७००</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>वितरणमुखी खर्चः<br><br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१२ लाख ९ हजार खर्च गरेको देखिन्छ। यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>गो भौ न र मिति</th><th>भुक्तानी पाउने व्यक्ती तथा संस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>१७७</td><td>सारडाँडा घोल्टुङ्ग नौमती बाजा समुह</td><td>९००००</td></tr>
<tr><td>४८४</td><td>विभिन्न व्यक्तिहरुलाई खेलकुद सामाग्री वितरण</td><td>१५००००</td></tr>
<tr><td>४५२</td><td>युवाहरुलाई खेलकुद सामाग्री वितरण</td><td>९९१००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ४४६ | सृजनशिल आमा समुह | ८०००० | |
| | | | ४४४ | नेपाल मगर संघ | ४९५०० | |
| | | | ४०९ | वडा नं ८ का खेलकुद सामाग्री खरिद तथा वितरण | २६३८० | |
| | | | २५८ | चण्डी देउराली आमा समुह | ४८४२३ | |
| | | | २५६ | कोटदेवी आमा समुह | ५०००० | |
| | | | २४९ | शिवालय आमा समुह भाडा तथा फर्निचर खरिद | ९३६४० | |
| | | | २४८ | श्री गणेश आमा समुह फर्निचर खरिद योजना | ४८५९० | |
| | | | २४७ | बुटथुम्का आमा समुह | ५०००० | |
| | | | २४० | परोपकार आमा समुह फर्निचर तथा भाडाँ खरिद | ४९००० | |
| | | | ३९३ | जनशान्ति युवा क्लव | ३०००० | |
| | | | २५८ | चण्डी देउराली आमा समुह फर्निचर तथा भाडाँ खरिद | ४८४२३ | |
| | | | २५६ | कोटदेवी आमा समुह फर्निचर तथा भाडा खरिद | ५०००० | |
| | | | ३७२ | सेमिडाँडा आमा समुह मौलिक संस्कृति संरक्षण उ.स. | ४६५७५ | |
| | | | | शान्तिदिप युवा क्लव | १५००० | |
| | | | | लाङघाली मगर समाज | १५००० | |
| | | | ३४१ | भिमाद युवा क्लव | १००००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३३९ \| कालिका देवी आमा समुह \| ७०००० <br> जम्मा \| \| १२०९६३१ | |
| २८ | | | **महंगी भत्ताः** <br><br> **.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२२ को निर्णयबाट रु.२४००० ।- सम्परीक्षण गरिएको ।)** | ० |
| २९ | | | **विद्युत महशुलको जरिवानाः** <br><br> प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २७ मा ठिकसँग लेखा नराखेको कारण प्रदेश सरकारलाइ कुनै हानी नोक्सानी भएमा सो को क्षतिपुर्ति जिम्मेवार व्यक्तीवाट सरकारी वाँकी सरह असुल गर्ने भन्ने उल्लेख छ। पालिकाले विद्युतिय महसुल समयमा भुक्तानी नगरेको कारण रु.२५,०१५।०० जरिवाना तिरेको छ। उक्त भुक्तानीमा समयमा वुझाएमा उल्टो २० प्रतिशत छुट पाउने अवस्थामा यसरी जरिवाना तिर्ने गरी ढिला गरी विद्युत महशुल वुझाउनु उचित देखिएन। कार्यालयले आगामी दिनमा समयमै विद्युत महशुल तिर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३० | | | **रासन भत्ताः** <br><br> साविक सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को परिपत्र अनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाई शुरु तलव, पोषाक, चाडपर्वको रकम मात्र दिन मिल्ने उल्लेख छ।कार्यालयले करारसेवामा कार्यरत नगर प्रहरीलाई शुरु तलव स्केलका अतिरिक्त दैनिक रु.१५० का दरले वार्षिक रु. ५०००००।०० खाद्यान्न वापत भुक्तानी गरेको देखिन्छ। उक्त रकम नगरपालिकाको निर्णय अनुसार भुक्तानी भएको देखिन्छ। कानुनी आधार वेगर भत्ता दिने प्रवृतिमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **नगरसभा खर्चः**<br><br>**.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९। १२ ।१६ को निर्णयबाट रु.२६७००० ।- सम्परीक्षण गरिएको ।)** | ० |
| ३२ | | | **अवलोकन भ्रमणः**<br><br>कार्यालयले देहायअनुसार अवलोकन भ्रमण भनि खर्च गरेको छः | |
| ३२.१ | | | (see table below)<br><br>यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन्। भौ.न. ३११ मा जनप्रतिनिधी तथा कर्मचारीहरुको ३ दिने अवलोकन भ्रमणमा गाडी भाडा तथा ईन्धनमा रु. २३५३५।०० खर्च भएको छ भने बाँकी खाजा तथा खाना लगायत होटलमा खर्च भएको देखिन्छ। कुल ६ जनाले अवलोकन गरेको भनि प्रतिवेदन तयार गरेकोमा खाजा, खाना, होटल आदिको विल राखी रु ३८०६५। खर्च गरेको छ। सहभागीलाइ भ्रमण खर्च नियमावली, २०६४ वमोजिम दैनिक भ्रमण भत्ता उपलव्ध गराएको अवस्थामा सहायक स्तरकोलाइ दैनिक १२००। को दरले १ जनाको ३ दिनको रु.३६००। र पदाधिकारीको सुविधा सम्वन्धि ऐन अनुसार ५ जना पदाधिकारीको दैनिक रु. १५०० का दरले रु.२२५०० समेत गरी कुल रु.४९६३५। भुक्तानी हुने हुदा फरक रकम सम्वन्धीत व्यक्तिवाट दामासाहीले असुल गर्नुपर्ने रु | ११,९६५ |

| भौ नं | विवरण | खर्च रकम |
|---|---|---|
| ३११ | कर्मचारीको ५ दिने अवलोकन भ्रमण पे.फ. टेकावती दहाल | २००००० |
| १४७ | जनप्रतिनिधी तथा कर्मचारीको ३ दिने अवलोकन भ्रमण | ६१६०० |
| ३०४ | कर्मचारीहरुको ५ दिने अवलोकन भ्रमण | ३००००० |
| ३६७ | वडा नं ७ को २ दिने अवलोकन भ्रमण | १००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>भ्रमणको उद्देश्य तथा प्राप्तिको मल्यांकन नगरी घुमघाममा खर्च गर्नु उचित देखिएन।यसरी खर्च गर्ने परीपाटिमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>मेयरकप खेलकुद प्रतियोगिताः<br><br>पालिकाले मेयर कप खेलकुद प्रतियोगितामा कुल रु १० लाख ९५ हजार खर्च लेखेको छ। गो.भौ.न.३२५ मिति २०७९।२।१० वाट मेयर कप खेलकुद प्रतियोगित संचालन भएको खर्च केशव राज वाग्ले भुक्तानी दिएको छ। खेलकुद प्रतियोगितामा सहभागीको विवरण नभएको र खर्चको ठुलो रकम खाजा खानाको विल पेश भएको छ। वढी खर्च भएको शिर्षक खाजा खानामा रु. ५ लाख ७३ हजार खेलकुद तथा पोषाक सामाग्रीमा रु.२ लाख २३ हजार र पुरस्कारमा रु.२ लाख ९८ हजार खर्च भएको छ। मेयरकप खेलकुद कार्यक्रममा ठूलो रकम खर्च भएकोमा सामाग्री खरिद खाना खाजा आदि खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन। यस प्रकारको कार्यक्रम संचालन गर्दा मितव्ययिता कायम गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>पदाधिकारीलाई यातायात सुविधाः<br><br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ मा सवारी साधन उपलब्ध नगराएको अवस्थामा पदाधिकारीले अनुसुची वमोजिमको यातायात सुविधा पाउने व्यवस्था छ। कुनै वडा अध्यक्षले यातायात सुविधा वापत कुनै सवारी साधन वा ईन्धन सुविधा पाएको भए यातायात वापतको सुविधा नपाउने उल्लेख छ। पालिकाले सवारी साधन प्रयोग गरेका ७ जना वडा अध्यक्षहरुलाई मासिक रु.१५०० का दरले ९ महिनाको रु.१३५०० वढी भुक्तानी भएको १% कर कट्टी पछी हुन आउने प्रति व्यक्तिको प्रति रु.१३३६५ असुल गर्नुपर्ने रु.
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>मासिक भुक्तानी</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>भुपेन्द्रराज मल्ल</td><td>१५००</td><td>१३३६५</td></tr>
<tr><td>डम्बर बहादुर राना</td><td>१५००</td><td>१३३६५</td></tr>
<tr><td>सुर्य कुमार श्रेष्ठ</td><td>१५००</td><td>१३३६५</td></tr>
</table></td><td>८०,१९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ईमान बहादुर थापा</td><td>१५००</td><td>१३३६५</td></tr>
<tr><td>बुद्धीमान श्रेष्ठ</td><td>१५००</td><td>१३३६५</td></tr>
<tr><td>भवानी शंकर लम्साल</td><td>१५००</td><td>१३३६५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८०१९०</td></tr>
</table>
वैशाख ज्येष्ठ महिनाको यातायात सुविधाको हकमा जनप्रतिनिधीहरु स्थानीय निर्वाचनमा उम्मेदवार भएको र सवारी साधन कार्यालयको हाताभित्र नै रहेको हुँदा यातायात सुविधा प्रदान गरिएको पालिकाको भनाई रहको छ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरणः<br><br>
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ दफा १५(२) मा भत्ता खाइपाई आएको व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको सामाजिक सुरक्षा भत्ता निजका हकवालालाई प्रदान गर्न सकिने व्यवस्था रहेको छ। नमूना छनौट गरी स्रेस्ता परीक्षण गर्दा देहाय वमोजिमका लाभग्राहीहरुको मृत्यु पश्चात भत्ता निजहरुको बैंक खातामा गईरहेको पाईयो।उक्त बैंक खातामा रहेको बैंकले नियमानुसार प्रदान गर्ने व्याज सहित असूल गर्नुपर्ने रु.
<table>
<tr><th>लाभग्राहीको नाम</th><th>वडा नं</th><th>मृत्यु भएको मिति</th><th>लगत कट्टा भएको मिती</th><th>भुक्तानी भएको रकम</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>मान बहादुर शाही</td><td>८</td><td>२०७९।१।४</td><td></td><td>१२०००</td><td>५३३</td><td>११४६७</td></tr>
<tr><td>पुतली कामिनी</td><td>८</td><td>२०७९।२।२३</td><td></td><td>१२०००</td><td>७०६६</td><td>४९३४</td></tr>
<tr><td>विन्द्रा वि.क.</td><td>८</td><td>२०७९।२।२३</td><td></td><td>१२०००</td><td>४०२०</td><td>७९८०</td></tr>
<tr><td>पुतली माया गैह्रे</td><td>५</td><td>२०७८।११।१३</td><td>२०७८।१२।१०</td><td>९३३३</td><td>४४००</td><td>४९३३</td></tr>
</table></td><td>२९,३१४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा — २९३१४ | |
| ३६ | | | **फरक नर्म्सको प्रयोगः**<br><br>पालिकाले निर्माण कार्यको दररेट निर्धारण गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट वा तोकिएको दररेटको आधारमा प्रति इकाई लागत निर्धारण गर्नुपर्दछ।पालिकामा नेपाल सरकार सशर्त अनुदान तर्फको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको विपन्न श्रमिकको दैनिक ज्याला प्रतिदिन रु.५७७।०० निर्धारण गरी स्थानीय तहमा वजेट निकासा भएको छ।स्थानीय ग्रामिण तथा कृषि सडकको स्वीकृत नर्म्स नं २-१ २.२, २- १.८ र २-१.९ मा सडक तथा ड्रेनमा नरम माटो खन्ने प्रति घनमिटर कार्यमा लाग्ने मानिसको परिमाण ०.५ भएकोमा प्रधानमन्त्री कार्यक्रम अन्तर्गत नमुना छनौटको आधारमा निम्न योजनामा उक्त कार्यको लागत अनुमानमा म्यानडेज ०.५ नभई ०.७ राखी लागत अनुमान तयार गरेको पाइयो।यसरी लागत अनुमान भएको कारणबाट संघीय सरकारलाई थप व्ययभार परेको छ। बढी व्ययभार परेको रकम अनियमित देखिएको रु. | ५७५,९३६ |

| योजनाको नाम | कामको विवरण | परिमाण (घनमिटर) | हुनुपर्ने म्यानडेज | भएको म्यानडेज | फरक म्यानडेज | दर | बढी खर्च |
|---|---|---|---|---|---|---|---|
| भानुमती मोटर मार्ग सम्भार योजना | नरम माटो काट्ने कार्य | ११३३.१४ | ०.५ | ०.७ | ०.२ | ५७७ | १३०७६४ |
| चण्डी देउराली रिङ्गरोड मर्मत सम्भार योजना | नरम माटो काट्ने कार्य | ५०६.१० | ०.५ | ०.७ | ०.२ | ५७७ | ५८३९२ |
| पाङ्गमी धुँवाखोला बाटो मर्मत सम्भार योजना | नरम माटो काट्ने कार्य | १११५.२१ | ०.५ | ०.७ | ०.२ | ५७७ | १२८६९५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पादर्दी सामुदायीक होमस्टे पैदल मार्ग</td><td>नरम माटो काट्ने कार्य</td><td>६६८.४०</td><td>०.५</td><td>०.७</td><td>०.२</td><td>५७७</td><td>७७१३३</td></tr>
<tr><td>पोखरी छापवाट खरखरे पैदल मार्ग</td><td>नरम माटो काट्ने कार्य</td><td>१८५.८०</td><td>०.५</td><td>०.७</td><td>०.२</td><td>५७७</td><td>२१४४१</td></tr>
<tr><td>भान्डाँडाडावाट कुवापानी हुँदै अगेनाखोला सम्म पैदल मार्ग निर्माण</td><td>नरम माटो काट्ने कार्य</td><td>४२८.७४</td><td>०.५</td><td>०.७</td><td>०.२</td><td>५७७</td><td>४९४७६</td></tr>
<tr><td>लामिडाँडा कटुवा देखी पोखरीछाप सम्म गोरेटो वाटो</td><td>नरम माटो काट्ने कार्य</td><td>६७८.६६</td><td>०.५</td><td>०.७</td><td>०.२</td><td>५७७</td><td>७८३१७</td></tr>
<tr><td>मिलन चोक सारुथर बाटो मर्मत</td><td>नरम माटो काट्ने कार्य</td><td>२७४.८५</td><td>०.५</td><td>०.७</td><td>०.२</td><td>५७७</td><td>३१७१८</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>५७५९३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोष<br><br>विगतको अल्या रकम विपद व्यवस्थापन कोष तर्फको रु. ६,६२,३१९।०० र कोरना कोष तर्फको रु. ९,७७,९४९।१३ गरी जम्मा रु. १६,४०,२६८।१३ रहेकोमा यो बर्ष नगरपालीकाबाट बिनियोजन भएको रु. ४५,००,०००।०० गरी जम्मा आम्दानी रु. ६१,४०,२६८।१३ भएकोमा रु. ४२,५४,९६७ खर्च भएको छ। खर्च मध्ये विभिन्न ६४ जना कर्मचारीहरुलाई जोखिम भत्तामा रु. ७,२९,६४६।००, औषधी खरिदमा रु. १,९८,९२५।००, विभिन्न ७५ जनालाई राहत वितरणमा रु.</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ८,०५,०००।०, ग्याविन जाली खरिदमा रु. ४,९५,५३४।०० र पहिरो नियन्त्रणमा तथा बाटो मर्मतमा रु. २०,२५,८६२।०० खर्च भएको छ। प्रकोप नियन्त्रण, राहत वितरण तथा पुनःर्स्थापना कार्यलाई मितव्ययी तथा प्रभावकारी बनाउनुपर्दछ । | |
| ३८ | | | **कृषि तथा पशुमा अनुदानः** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन्। | |

| गो.भौ.न.।मिति | विवरण | अनुदान रकम |
|---|---|---|
| १३९।२०७९।३।१२ | ५० % अनुदानमा अदुवा पकेट कार्यक्रम | २९६५५० |
| १६९।२०७९।३।१९ | ५०% अनुदानमा सुन्तला पकेट कार्यक्रम | २६६०३० |
| १९९।२०७९।३।२४ | ५०% अनुदानमा तरकारी पकेट कार्यक्रम | २७४८११ |
| २०३।२०७९।३।२४ | ५०% अनुदानमा सुन्तला पकेट कार्यक्रम | ५५८२२१ |
| १७०।२०७९।३।१९ | ५०% अनुदानमा सुन्तला पकेट कार्यक्रम | ४९५७१८ |
| १९०।२०७८।१०।१६ | ५०% अनुदानमा कृषि सामाग्री खरिद तथा वितरण कार्यक्रम | २४७२०० |
| १९२।२०७८।१०।१६ | ५०% अनुदानमा आलुको विउ वितरण कार्यक्रम | २४९००० |
| ४५६।२०७९।३।२४ | ५०% अनुदानमा बाखा पकेट कार्यक्रम | २९९७४१ |
| ४५५।२०७९।३।२४ | ५०% अनुदानमा खरी बाखा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | १९४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ४५४।२०७९।३।२४ \| ५०% अनुदानमा कालो सुगुँर प्रवर्द्धन कार्यक्रम \| १८९०२५<br><br>• अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन। अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्तन हुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।<br>• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।<br>• अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।<br>• पालिकाले वितरण गरेको उपरोक्त बमोजिमको विउको तोकिए बमोजिम गुणस्तर परीक्षण गरेको छैन्। यसरी गुणस्तर परीक्षण प्रतिवेदन नगर्दा सोको गुणस्तर बारे यकिन हुँदैन्। गुणस्तर परीक्षण प्रतिवेदन पेश गरी नियमित गर्नुपर्ने रु. | ३,०७०,२९६ |
| ३९ | | | **समुह मार्फत खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नुपर्नेमा सो नगरी देहायका बिभिन्न फर्महरुबाट कृषि यान्त्रिक उपकरणहरु सोझै खरिद गरिएको तथा सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्ता संग सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख छ ।कार्यालयले विभिन्न कार्यविधि अनुसार लाभग्राही समुहले सामान खरिद गरेको बिलको आधारमा रकम भुक्तानी गरेको छ। पटक पटक मात्रामा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुदान भुक्तानी दिइ सामान खरिद गर्दा सार्वजनिक खरिद कानून आकर्षण हुनुपर्नेमा यस्तो अभ्यास पालिकाले गरेको देखिदैन। प्रतिस्पर्धा बेगर एउटै प्रकृतिका सामानहरुलाई टुक्रयाई खरिद गर्दा गर्दा मितव्ययीता तथा गुणस्तरमा ह्रास आउने हुंदा पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गरी प्रतिस्पर्धालाई वढावा दिनुपर्दछ। विभिन्न कृषि यान्त्रिक उपकरण खरिद गर्दा सोझै समुहले खरिद गरेकोमा कार्यालयले उपकरण तथा कार्यक्रम अनुसार विभिन्न प्रतिशत अनुदान दिएका केही समुहको नाम तथा विवरण देहायअनुसार छः यसरी खरिद भएको सामानहरुको गुणस्तर प्रमाणित नगरेकोले गुणस्तर सम्बन्धमा यकिन हुन सकिएन। गुणस्तर परीक्षण प्रमाण सहित नियमित गर्नुपर्ने रु.<br><br>• कार्यालयले भौ नं १९० वाट ५०% अनुदानमा कृषि सामाग्री खरिद तथा वितरण कार्यक्रम अन्तर्गत रु. ४९२४००।०० भुक्तानी दिएकोमा उक्त रकम मध्ये रु १६८००० को कुटानी पिसानी मेसिन,पाईडल स्प्रे २००००। र ठेलागाडा रु.२३८५०० को खरिद गरेको देखिन्छ।<br>• कार्यालयले भौ नं १७६ वाट अदुवा खेती प्रवर्धन कार्यक्रमको लागि सिग्देल दाजुभाई कृषक समुहलाई रु.७३००००।०० भुक्तानी गरेकोमा रु. २७०००० को मिनिटिलर खरिद गरेको देखिन्छ।<br>• कार्यालयले भौ.न. १७७ वाट अदुवा खेती प्रवर्द्धन कार्यक्रमको लागि मिलिजुली समुहलाई रु. ४१९३००।०० भुक्तानी गरेकोमा हाते टयाक्टर,अदुवा पिस्ने मेसिन, स्प्रेयत मेसिन रु. २३१०००।०० खर्च गरेको देखिन्छ।<br>• कार्यालयले भौ.न. १७० वाट सुन्तला पकेट कार्यक्रमको लागि देउराली फलफुल बगैचा कृषक समुहलाई रु. ४९५७१८।०० भुक्तानी गरेकोमा रु. २२५०००।०० को मिनिटिलर खरिद गरेको देखिन्छ। | १,१५२,५०० |
| ४० | | | **वढी भुक्तानीः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलगन भए वा नभएको तथा संलगन कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०.१</td><td>१३९</td><td>२०७९-३-१३</td><td>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।१७ को निर्णयबाट रु.३००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४०.२</td><td>४५६</td><td>२०७९-३-२४</td><td>पालिकाले ५०% अनुदान अन्तर्गत गणेशपुर बाख्रा पालक कृषकलाई रु. २००००। का दरले १३ जनाले कृषकलाई कुल रु. २६००००।०० भुक्तानी दिई खर्च लेखेकोमा कृषक समुहका एक सदस्यको सम्पर्क नं ९८०६५१०९५८ मा सम्पर्क गरी बुझ्दा निज कृषकले रु. १५००० मात्र प्राप्त गरेको जानकारी प्राप्त भएकोले कर कट्टी पछी रु. ४७०० का दरले १३ जनाको भुक्तानी भएको रु. ६११००।०० उक्त कृषक समुहवाट असुल गर्नुपर्ने रु.</td><td>६१,१००</td></tr>
<tr><td>४०.३</td><td></td><td></td><td>पालिकाले देहाय वमोजिमका कृषि तर्फका ५०% अनुदानका कार्यक्रममा स्वीकृत जिल्ला दररेट भन्दा वढी दररेट राखी कृषकहरुले खरिद गरी पेश गरेको विल भरपाईका आधारमा अनुदान दिई खर्च लेखेको पाईयो। उक्त दररेट भन्दा वढी भुक्तानी दिएको रकम सम्वन्धित समुहवाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.न.।मिति</th><th>विवरण</th><th>परिमाण</th><th>भएको दर</th><th>हुनुपर्ने दर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>४७।२०७८।९।५</td><td>जै घाँसको विउ वितरण</td><td>२६०० के.जी.</td><td>११०</td><td>६०</td><td>६५०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६५०००</td></tr>
</table>
मिति २०७९-१२-१७ को निर्णयानुसार २२५०.०० को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-१७ को निर्णयानुसार २५००.०० को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-१७ को निर्णयानुसार ६५००.०० को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-१७ को निर्णयानुसार ३०००.०० को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-१७ को निर्णयानुसार ३८५००.०० को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको</td><td>६५,०००</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>यान्त्रीकरणमा अनुदानः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यान्त्रिकरणमा अनुदान सहयोग सम्बन्धी संचालन मापदण्ड, २०७७ अन्तर्गत कृषकहरु छनोट गर्दा मिनिटिलर अनुदानको हकमा खेति गरिएको जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम १० बर्षको लागि करार सम्झौता गरी कृषकहरुलाई उपलब्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले छनोट गर्दा उक्त छनोटको विधि अबलम्वन गरेको छैन। पालिकाले आगामी दिनमा छनौट विधिको पूर्ण रुपमा अवलम्वन गर्नुपर्ने देखिन्छ। | |
| ४२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका १९ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९० जनालाई रोजगारी उपलव्ध गराई दैनिक ज्याला बापत रु. ३८ लाख ५० हजार खर्च गरेको छ। लक्षित वर्गलाई ७४ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। | |
